**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ जून २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत प्रधानमन्त्री किसान सम्मान निधि अन्तर्गत करिब नौ करोड २६ लाख लाभार्थी किसानहरूलाई २० हजार करोड रुपैयाँभन्दा बढीको १७ औं किस्ता जारी गर्नुभयो।

२. मुख्यमन्त्री ममता बनर्जी कुचबिहारको दुई दिने भ्रमणमा हुनुहुन्छ । मुख्यमन्त्री ममता ब्यनर्जीले आज कुचबिहारको मदनमोहन मन्दिरमा अनि माँ काली र जय तारा मन्दिरमा पूजा-अर्चना गर्नुभयो।

३. टिस्टा बाढी प्रभावित गाउँको भ्रमण गर्दै दार्जिलिङका सांसद राजु बिष्टले आज रियाङका जनतासँग भेटघाट र अन्तरक्रिया गर्नुभएको छ।

४. पश्चिम बंगालको दार्जीलिङ जिल्लामा कञ्चनजङ्घा एक्सप्रेस र मालगाड़ी आपस्तमा ठोक्किएर भएको दुर्घटनामा ज्यान गुमाउनेहरूको संख्या बढ़ेर ११ पुगेको छ।

५. पश्चिम बंगालको राजधानी कोलकातालगायत राज्यका अन्य भागमा गर्मी घट्ने कुनै पनि सम्भावना न रहेको मौसम विभागले जानेको छ|

**प्रधानमन्त्री-वाराणसी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत प्रधानमन्त्री किसान सम्मान निधि अन्तर्गत करिब नौ करोड २६ लाख लाभार्थी किसानहरूलाई २० हजार करोड रुपैयाँभन्दा बढीको १७ औं किस्ता जारी गर्नु भयो अहिले सम्मए ११ करोड भन्दा बढी योग्य किसान परिवारहरूले प्रधानमन्त्री किसान योजना अन्तर्गत ३ लाख ४ हजार करोड भन्दा बढीको लाभ प्राप्त गरेका छन्। यस कार्यक्रममा प्रधानमन्त्रीले कृषि सखीको रुपमा स्वसहायता समूहका तीस हजारभन्दा बढी महिलालाई प्रमाणपत्र पनि वितरण गर्ने कार्यक्रम छ। प्रमाणपत्र वितरणको यो कार्यक्रम "लखपति दिदी" कार्यक्रमको उद्देश्य अनुरूप हो उहाँ भोलि बिहार जानुहुनेछ।तेस्रो पटक प्रधानमन्त्री बनेपछि श्री मोदीको यो पहिलो पटक वाराणसी भ्रमण भएको आकाशबाणीका संवाददाताले जानकारी दिएका छन् । प्रधानमन्त्रीले किसानको हितमा सरकारको प्रतिबद्धता जनाउँदै प्रधानमन्त्री किसान सम्मान निधिको १७औँ किस्ता जारी गर्नेसम्बन्धी पहिलो फाइलमा हस्ताक्षर गर्नुभयो।

****** ० ******

**प्रधानमन्त्रीको पत्र - ग्राम पंचायत**

प्रधानमन्त्री नरेन्द्र मोदीले ग्राम पञ्चायतका प्रमुखहरूलाई योग र मोटो अनाजको बारेमा सचेतना फैलाएर समग्र स्वास्थ्यलाई जनआन्दोलन बनाउन आग्रह गर्नु भएको छ। पञ्चायत परिसरए विद्यालयए आङ्गनवाड़ीए सामुदायिक स्वास्थ्य केन्द्रमा योगमा आधारित कार्यक्रम आयोजना गर्नाले जनता विशेषगरी युवालाई दिगो र तनावमुक्त जीवन शैली अपनाउन प्रेरित गर्न प्रधानमन्त्रीले गाउँ पंचायत प्रमुखलाई पत्र लेख्नु भएको छ। ए10 औं अन्तर्राष्ट्रिय योग दिवसको लागि ग्राम पञ्चायतका सबै बासिन्दाहरूलाई शुभकामना दिनुहुँदैए श्री मोदीले यो कार्यक्रमलाई योगको विश्वव्यापी प्रभाव र मानिसहरूको जीवनमा यसको सकारात्मक प्रभावको प्रमाणको रूपमा वर्णन गर्नु भयो। उहाँले यस वर्षको अन्तर्राष्ट्रिय योग दिवसको नारा 'आफू र समाजका लागि योग' रहेको भन्नुहुँदै यसले सरकारको स्वस्थ राष्ट्र निर्माणको प्रयासलाई थप गति दिनेमा विश्वास ब्यक्त जताउनु भएको छ।

प्रधानमन्त्रीले योग देशको प्राचीन संस्कृतिले दिएको उपहार होए जसले समग्र स्वास्थ्यका लागि सहयोगी रहेको बताउनु भयो। योग अभ्यासले शारीरिक र मानसिक रूपमा बलियो बनाउने र मोटो अनाज अर्थात् श्री अन्न शरीर र दिमागका लागि आवश्यक रहेको प्रधानमन्त्रीले बताउनु भयो।

****** ० ******

**फाइव-जी-इंटेलिजेंट गांव**

ग्रामीण जीवनमा नवाचारलाई प्राथमिकता दिँदै रूपान्तरण र डिजिटल समावेश गर्ने उद्देश्यका साथए केन्द्र सरकारले श्फाइभ-जी इन्टेलिजेन्ट गाउँश र श्क्वान्टम इन्क्रिप्शन एल्गोरिदमश को लागि प्रस्तावहरू आमन्त्रित गरेको छ। यसका लागिए प्रविधि डिजाइनए विकास र दूरसञ्चार उत्पादन र समाधानहरूको व्यावसायीकरणमा संलग्न उद्योगए एमएसएमईए स्टार्टअपए एकेडेमिया र सरकारी विभागहरूलाई आमन्त्रित गरिएको छ। श्फाइभ-जी इन्टेलिजेन्ट भिलेजश पहलले ग्रामीण समुदायको उत्थानको लागि 5-जी प्रविधिको परिवर्तनकारी शक्तिको उपयोग गरेर समतामूलक प्राविधिक विकासको तत्काल आवश्यकतालाई सम्बोधन गर्दछ। यसले कृषिए शिक्षाए स्वास्थ्य सेवाए सुशासन र दिगोपन जस्ता महत्वपूर्ण क्षेत्रहरूमा ध्यान केन्द्रित गर्ने लक्ष्य राखेको छ। विशेष गरी भारतमा केन्द्रितए क्वान्टम इन्क्रिप्शन एल्गोरिदमले क्वान्टम मेकानिक्सका सिद्धान्तहरू प्रयोग गरेर डिजिटल सञ्चार च्यानलहरू सुरक्षित गर्नको लागि अत्याधुनिक दृष्टिकोण प्रस्तुत गर्नेछ।

****** ० ******

**ममता बनर्जी कुचबिहार भ्रमण**

मुख्यमन्त्री ममता बनर्जी कुचबिहारको दुई दिने भ्रमणमा हुनुहुन्छ। मुख्यमन्त्री ममता ब्यनर्जीले आज कुचबिहारको मदनमोहन मन्दिरमा अनि माँ काली र जय तारा मन्दिरमा पूजा-अर्चना गर्नुभयो। पूजाको अन्त्यमा मुख्यमन्त्रीले आफूले मा-माटी-मानुषको पूजा गरेको बताउनुभयो। उहाँले उत्तर बंगालको एकमात्र लोकसभा सीट कुचबिहारमा तृणमूलको जितको लागि कुच बिहारका जनतालाई धन्यवाद दिनुभयो।यस पछि मुख्यमन्त्रीले भाजपा सांसद अनन्त महाराजको घरमा पुगेर उहाँ सँग भेट गर्नुभयो। भाजपा विधायकले आफ्नो ढोकामा मुख्यमन्त्री ब्यनर्जीलाई स्वागत गर्नुभयो अनि राजवंशी समुदायको शाही उत्तरीय पहिराएर घरभित्र प्रवेश गर्नुभयो।

****** ० ******

**राजु बिष्ट**

टिस्टा बाढी प्रभावित गाउँको भ्रमण गर्दै दार्जिलिङका सांसद राजु बिष्टले आज रियाङका जनतासँग भेटघाट र अन्तरक्रिया गर्नुभएको छ। यसक्रममा यो क्षेत्र राष्ट्रिय राजमार्ग–१० मा अवस्थित हुँदाहुँदै पनि यहाँका जनताको समस्यालाई अधिकारीहरूले बेवास्ता गरेको देख्दा दुःख लागेको सांसद बिष्टले बताउनु भएको छ। भ्रमणपछि सामाजिक संजालमा एक पोष्ट साझा गर्दै श्री बिष्टले रम्बीमा ज्स्क्च तीन र कालीझोरामा ज्स्क्च चार बीच रहेको रियाङमा बढ्दो नदीको बहावले ठूलो मात्रामा क्षतिए कटान र खेतबारी र घरहरू बगाएको उल्लेख गर्नुभएको छ। ज्स्क्च चार बाँधबाट तिस्ताको बहावले यहाँको जग्गा क्रमशः खरानी हुँदै गइरहेको कारण प्रशासनले यस क्षेत्रको भ्रमण गरी रियाङको सुरक्षाका लागि आवश्यक कदम चाल्नुपर्नेमा बिष्टले जोड दिनु भयो। सांसदले उहाँको पछिल्लो भ्रमणको क्रममा प्ब्ब्छ लाई यहाँको डम्पिङ ग्राउन्डमा सुरक्षा पर्खाल बलियो बनाउन अनुरोध गर्नुभएको तर अहिलेसम्म काम सुरु नगरेको कारण दुःख व्यक्त गर्नुभयो। यसका साथै टिस्टा नदीमा आएको बाढी प्रभावित जनतालाई भेट्ने क्रममा श्री बिष्ट कालीझोरा पनि पुग्नुभयो। उँहाले बाढको समस्या समाधान हेतु छभ्च्ब्छ का अधिकारीहरूसँग बात गरिसकेको तथा अधिकारीहरुले ७० मिटर लामो सुरक्षा पर्खालको आफ्नो अनुरोधलाई प्रशोधन गर्ने आश्वासन दिएको बताउनु भएको छ।

****** ० ******

**ट्रेन दुर्घटना**

पूर्वोत्तर सीमा रेलवे (पूसीरे) को कटिहार डिवीजनको रंगापानी र चत्तरहाट स्टेशनहरूबीच ट्रेन दुर्घटना भएको ट्र्याकको मरम्मतीको निम्ति पूसीरेका अभियन्ता एवं कर्मचारी २४ घण्टा काम गरिरहेका छन्। पूसीरेका सीपीआरओ सब्यसाची डे- ले बताए अनुसारए आज बिहान ०७ण्३० बजी डाउन लाइनलाई बहाल गरियो। ट्रेनहरूको परिचालन बिस्तारै एक लाइनबाट शुरू भएको छ। अप लाइनलाई हिजो राति नै खोलिएको थियो।

उल्लेख्य छए सोमवार बिहान अगरतला-सियालदह कञ्चनजङ्गा एक्सप्रेस (४३१७४ डाउन) लाई पूसीरेको कटिहार डिवीजनको रंगापानी र चत्तरहाट स्टेशनहरूबीच कन्टेनर लोड गरिएको एउटा मलागाड़ीले पछाड़ीबाट हिर्काएको थियो। यस दुर्घटनामा सात यात्रीए दुई रेल कर्मी समेत ९ जनाको मृत्यु भएको थियो भने ४१ यात्रीहरु घाइते भएका थिए। घाइतेहरुमा ९ जनाको स्थिति गम्भीर रहेको छ।
सीपीआरओले बताए अनुसार- अप लाइन (न्यू जलपाइगढ़ीतिर जाने ट्रेनहरू) लाई हिजो राति 05ण४० बजीसम्म बहाल गरिएको थियो। डाउन लाइन आज बिहान ०७ण३० बजी बहाल भएको छ। ट्र्याकको मरम्मतीपछि यस सेक्शनमा पहिलो मालगाड़ी चलाइयो। सबै परीक्षण पूरा भएपछि यहाँबाट यात्री ट्रेनहरूको सेवालाई बहाल गर्ने प्रयास भइरहेछ।

****** ० ******

**डी आर एम सुरेन्द्र कुमार**

हिजो रंगापानीमा भएको रेल दुर्घटनाको निरक्षण गर्न कटियार डिभिजनका डी आर एम सुरेन्द्र कुमार घटना स्थलमा पुग्नु भएको छ। उँहाले रेल लाइन सुचारु रूपमा चलाउनका निम्ति रिस्टोरेसनको काम लगभग पुरा हुने बताउनु भएको छ । यसका निम्ति हिजैदेखि रेलवे विभागका कर्मचारी साथै अधिकारीहरूले युद्ध स्तरमा कार्य गरिरहेको छ तथा दुर्घटना के कारणले भएको भन्ने विषयमा पनि चाँडै छलफल गरिने डी आर एम सुरेन्द्र कुमारले मिडियालाई जानकारी दिनु भएको छ।

****** ० ******

**पश्चिम बंगाल रेल दुर्घटना**

पश्चिम बंगालको दार्जीलिङ जिल्लामा कञ्चनजङ्घा एक्सप्रेस र मालगाड़ी आपस्तमा ठोक्किएर भएको दुर्घटनामा ज्यान गुमाउनेहरूको संख्या बढ़ेर ११ पुगेको छ। राज्य प्रशासनका एकजना वरिष्ठ अधिकारीले पुष्टि गर्नुभए अनुसारए कञ्चनजङ्घा एक्सप्रेसका एकजना घाइते यात्रीको उपचारको क्रममा मृत्यु भयो जसलाई सिलगढ़ीस्थित नर्थ बंगाल मेडिकल कलेज एवं अस्पतालमा भर्ती गरिएको थियो।
यसअघि सोमवार दुर्घटनको दिन बचाउ कार्यमा नौवटा शव उद्धार गरिएको थियो। मृतकहरूमा मालगाड़ीका लोको-पायलट कञ्चनजङ्घा एक्सप्रेसका गार्ड अनि मालगाड़ीको ठक्करद्वारा प्रभावित दुईवटा डब्बामा यात्रा गरिरहेका यात्रीहरू सामेल थिए।रेलवे अधिकारीहरूले बताए अनुसारए अहिलेसम्ममा दशजना मृतकहरूमध्ये सातजनाको पहिचान भइसकेको छ|

****** ० ******

**रेलिङ घर क्षतिग्रस्त**

केहि दिन अघिदेखि लगातार रूपमा परिरहेको अविरल बर्षका कारण रेलिङ ग्राम पञ्चायत अधिनस्त वार्ड नम्बर दुई लोवर लामागाउँ निवासी डोमा तामाङको घर हिजो राति ८रू३० बजे पूर्ण रूपले ढलेर क्षतिग्रस्त भएको छ। उक्त दुर्घटनामा डोमा तामाङको दाहिने हातमा गम्भीर चोट लागेको छ भने दुई जना नानीहरु सामान्य रूपमा घाइते भएका छन्। आज रेलिङ ग्राम पञ्चायतका प्रधान सारिका राईए उपप्रधान नरदेव राईए वार्ड सदस्य सञ्चमान लिम्बूए समिति सदस्या लक्छन्दा लिम्बू अनि पञ्चायत सचिव मणि ईजमले स्थलगत भ्रमण गर्दै राहत सामाग्री वितरण गरे। ग्राम पञ्चायतको अन फण्डबाट यथाशीघ्र १० हजार रूपियाँ प्रदान गरिने भएको छ । यसका साथै क्षेत्रीय सभासद सतिश पोखरेलको तर्फबाट पनि पीडित परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने भएको छ।

****** ० ******

**हरिजन कल्याण समिति**

हरिजन कल्याण समिति, एसबी डे सेनोटोरियम खरसाङ अनुसूचित जाति अन्तर्गत पर्ने हरिजन समुदायको सञ्चालन हेतु यस वर्ष पनि हरिजन कल्याण समितिको वार्षिक सभा सम्पन्न भयो। सभाको सञ्चालन समितिका सचिव राजेन राउतले गर्दै प्रथममा बाबा साहेब डा भीमराव अम्बेदकरको तस्वीरमा खदार्पणसहित धुप दीप प्रज्वलन गरी सभालाई शुरु गरिएको थियो। समितिका अध्यक्ष भोला राउतले अध्यक्षीय भाषणमा सभामा उपस्थित भएका सदस्यहरूलाई स्वागत अभिवादन गर्दै सामाजिक सुझावहरु राखे भने जीटीए प्रमुख अनित थापालाई समिति भवन निर्माण गरिदिएकोमा धन्यवाद प्रकट गर्नु भयो। सभामा पुरानो कमिटीलाई विघटन गरिएको घोषणा गरियो। सभामा दुई वर्षको निम्ति नयाँ सञ्चालन समितिको निम्ति चुनाव गरियो जसमा अध्यक्ष विजय राउतए

उपाध्यक्ष सन्दिप राउतए सचिव सञ्जय राउतए सह सचिव समीर राउतए कोषाध्यक्ष मदन राउतए सह कोषाध्यक्ष राजेन राउत, मुख्य सल्लाहकार रामु राउत, सल्लाहकार भोला राउत, सुनु राउतसँगै १५ जनाको कार्यकारिणी सदस्यहरू चुनियो।

****** ० ******

**निप्पोन**

१ मईदेखि निप्पोन कर्मचारीहरूको असहयोग आन्दोलन जारी रहेको छ भने अहिलेघडी क्षेत्रमा लगातार रूपमा भारी मात्र वर्षा भएता पनि कर्मचारीहरूको आन्दोलन यथावत रहेको छ। गत केहि साप्ताह अघि निप्पोन परिसरमा आन्दोलित कर्मचारीहरू अनि कम्पनी पक्षको बीचमा भएको बैठकमा विफल रहेको थियो । जसमा कुनै निचोड निस्किनु सकेन। अर्कोतिर ,हालै क्षेत्रीय सभासद नोर्देन शेर्पा अनि निप्पोन कम्पनीको उच्च अधिकारीसँग आन्दोलित कर्मचारीहरूको बिषयमाथि चर्चा-परिचर्चा भएको छ भने जसमा सकारात्मक कुराकानी भएको सभासद नोर्दे शेर्पाले जनाएको छ। उनले आन्दोलित कर्मचारीहरूलाई चाडो नै समस्याको समाधान हुने आश्वासन पनि दिएका छन ।

****** ० ******

**प्राथमिक बिधालय**

दार्जिलिङ पहाडका विभिन्न स्थानहरुका प्राथमिक बिधालयहरुको भौतिक पुर्वाधारको आवस्था अत्यन्तै सोचनीय रहेको छ। यसको एउटा उदाहरण हो दार्जिलिङ पुलबजार खण्डको कैजले तथा गोक दुई ग्रामको सिमामा रहेको लोवर लिङतेन प्राथमिक बिधालयए जुन बिधालयको आवस्था अत्यन्तै सोचनीय रहेको छ भने बिधालयको छानो लगायतको प्रायजसो सम्पुर्ण भौतिक पुर्वाधार लगभग भत्किनु थालिसकेको छ। १९५८ सालमा स्थापित यस बिधालयलाई पुननिर्माणका पहल शुरु नगरीए चाडै खण्डहर बन्ने अनुमान लगाउन थालिएको छ । बिधालयका एक शिक्षकले बताए अनुसार बिधालय पक्षले पुनर्निर्माण का निम्ति धैरैपटक कागजपत्र पठाएको यद्यपि हालसम्म सरकारको नजर नपरेको गुनासो गर्नु भएको छ। उहाँले आफुहरुले शैक्षिक स्तर बढाउने काम शुरु गरेपनि बिधालयको आवस्थाले आफुहरु निक्कै पछि परेको तर्क दिनु भएको छ। अर्कोतिर सम्बन्धि विभाग तथा क्षेत्रीय सरकारले यस बिधालयलाई चाडै आँखा पुर्याउदै भवन निर्माणका पहल गरिदिने बिधालय व्यवस्थापन समिति अध्यक्ष प्रताप छेत्रीले बताउनु भएको छ।

****** ० ******

**नशा मुक्ति अभियान**

सशस्त्र सिमा बल टिङलिङ बीओपी आठौं बटालियन खाप्रेलले आज फुवागढी उच्चत्तर माध्यमिक विद्यालयमा नागरिक कल्याण कार्यक्रम अन्तर्गत नशा मुक्ति अभियान कार्यक्रमको आयोजना गर्यो। ड्रग्स जन्य पदार्थको सेवनले स्वच्छ मानिसको शरिरलाई हानी पुर्‍याउछ। यसलाई सेवन गर्न हुदैन भन्ने उदेश्यले विद्यार्थीहरुलाई सचेतना गराउन यस कार्यक्रमको आयोजना गरिएको थाहा लागेको छ। बीओपी इन्चार्ज इन्सपेक्टर गौतम सुत्रधार प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विद्यालयका शिक्षक प्रभारी पेमा लामाले नशालु पदार्थको सेवनले स्वस्थ्य शरीरलाई मात्रै होइन समाजलाई नै खराब गर्ने मन्तब्य व्यक्त गर्नु भयो। समारोहमा सह शिक्षक मोहन दोर्जे लामाले पनि कार्यक्रम आफ्नु मन्तब्य राख्नु भयो ।विद्यालयको प्रेक्षा गृहमा सम्पन्न कार्यक्रममा विद्यार्थीहरुले जागरुकता र्‍यालीमा भाग लिएका थिए।

****** ० ******

**मौसम**

पश्चिम बंगालको राजधानी कोलकातालगायत राज्यका अन्य भागमा गर्मी घट्ने कुनै पनि सम्भावना न रहेको तरए हल्का वर्षाले यसबाट मानिसहरुले राहत पाउन सक्ने मौसम विभागले जनाएको छ । मौसम विभागको क्षेत्रीय मुख्यालय अलिपुरले आज जारी गरेको विज्ञप्तिमा राजधानी कोलकाताको न्यूनतम तापक्रम ३०.४ डिग्री सेल्सियस रहेकोए जुन सामान्यभन्दा चार डिग्री बढी रहेको बताएको छ। साथै अधिकतम तापक्रम ३६ दशमलव २ डिग्री सेल्सियस रहेको ए जुन सामान्यभन्दा तीन डिग्री बढी हो भनि बताएको छ । कोलकाता बाहेकए हावडाए हुगलीए उत्तर र दक्षिण २४ परगनाए पूर्व र पश्चिम मेदिनीपुरए पुरुलियाए बांकुरा सहित

राज्यका अन्य भागहरूमा तापमान ३० देखि ३८ डिग्री सेल्सियसको बीचमा रहेको छ। । उत्तर बंगालको अलिपुरद्वारए कुचबिहारए जलपाईगुडी, दार्जिलिङ र कालिम्पोङमा भने पनि परिरहेको छ।

****** ० ******